महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone : 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

# प्रेस विज्ञप्ति

(आमसञ्चार माध्यममा तत्काल उपयोगका लागि)

२०७६ असार १९ गते, बिहीबार

## नेपाल र थाईल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्था बीच छलफल

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल र थाईल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्थाका State Audit Commissioner, Mr. Sansern Poljieak सहितको टोली बीच महालेखापरीक्षकको कार्यालय, बबरमहलमा औपचारिक भेटघाट भयो। भेटका क्रममा दुबै देशका सर्वोच्च लेखापरीक्षण संस्था बीच हुन सक्ने सहकार्यका क्षेत्रहरु, कर्मचारीको क्षमता विकास, दीगो विकास लक्ष्यको लेखापरीक्षण लगायत द्विपक्षीय र आपसी हितका विविध विषयहरुमा छलफल भयो।

सो अवसरमा थाईल्याण्डका State Audit Commissioner, Mr. Poljieak ले दुबै देशका सर्वोच्च लेखापरीक्षण संस्थाको कार्य सम्पादन क्षमतामा अभिवृद्धि गरी लेखापरीक्षणलाई गुणस्तरीय र प्रभावकारी बनाउन अनुभवको आदान-प्रदान, पारस्परिक साझेदारी तथा दीगो विकास लक्ष्यको लेखापरीक्षण गर्न Bilateral Academic Cooperation का लागि सहकार्यको प्रस्ताव गर्नुभयो।

त्यस क्रममा माननीय महालेखापरीक्षकज्यूले दीगो विकास लक्ष्यको लेखापरीक्षणका लागि क्षमता विकास र अनुसन्धानमूलक कार्यका लागि थाईल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्थाबाट गरिएको प्रस्तावको सराहना गर्नुभयो। साथै नेपाल र थाईल्याण्ड एशियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठन (एसोसाई) को गभर्निङ्ग बोर्डको सदस्य समेत रहेको अवस्थामा सरकारी लेखापरीक्षणको माध्यमबाट वित्तीय अनुशासन कायम गर्न थप योगदान गर्न सकिने बताउनु भयो।

कार्यक्रमको शुरुवातमा उप-महालेखापरीक्षक श्री रामुप्रसाद डोटेल र थाईल्याण्डको State Audit Office का Deputy Auditor General, Dr. Sirin Phankasem ले आ-आफ्ना कार्यालयका मूल्य-मान्यता, दूरदृष्टि, गन्तव्य, संगठनात्मक संरचना, लेखापरीक्षणका विधि, प्रक्रिया, वर्तमान अवस्था, विद्यमान चुनौतिहरुका साथै आगामी दिनमा गरिने सहकार्य लगायतका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो।

विष्णुप्रसाद रिजाल
प्रवक्ता